परिशिष्ट "ख"

# नेपाली सेना
## श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जंगी अड्डा
## अधिकृत क्याडेट पदको लागि दरखास्त आव्हान
**(प्रथम पटक प्रकाशित मिति २०७८/०९/१८ गते)**

१. नेपाली सेनामा रिक्त अधिकृत पद खुला तथा समावेशी प्रतिष्पर्धाबाट पदपूर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेब साईट www.nepalarmy.mil.np बाट online दरखास्त फाराम भरी सो को प्रिन्ट आउट सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना केन्द्रमा रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक संख्याः** २२९ जना ।

| विज्ञापन नं. | सेवा समुह | पदको नाम | खुलातर्फ | | समावेशीतर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खुला | शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्तती | महिला | आ/ज | मधेशी | दलित | पि.क्षे. | |
| ०७८/७९/४७ | सैनिक साधारण सेवा | अधिकृत क्याडेट | १२० | ६ | २१ | ३३ | २९ | १५ | ५ | २२९ |

३. **दरखास्त पेश गर्ने मिति र स्थानः**

(क) **दरखास्त मितिः** मिति २०७८/०९/१८ गतेदेखि मिति २०७८/१०/१७ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०७८/१०/१८ गतेदेखि मिति २०७८/१०/२४ गतेसम्म थप दिन ७ हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सोभन्दा पछाडी कार्यालय खुल्ने दिन दर्ता गर्न सकिने छ ।

(ग) **स्थानः** भर्ना केन्द्रहरु

| क्र.सं. | भर्ना केन्द्रहरु | सम्पर्क टेलिफोन नम्बर | कैफियत |
|---|---|---|---|
| १ | श्री भ.छ.नि., का.र.वि., जंगी अड्डा (नारायणहिटी उत्तर तर्फको गेट श्री नेपाल क्याभलरीको खेल मैदान) | ०१¬४२४६९५०, ९८६३०३१५६१ | |
| २ | श्री नं.२ बाहिनी अड्डा, ईटहरी, सुनसरी | ०२५-५८४९३३, ०२५-५८३५६६ | |
| ३ | श्री नं.९ बाहिनी अड्डा, सैनिक शिविर वर्दीबास, महोत्तरी | ९८६३०२९१३३ | |
| ४ | श्री नं.२८ बाहिनी अड्डा., सुपारेटार, हेटौडा | ०५७-४१९०१५, ९८६५३६१०३६ | |
| ५ | श्री मध्य कमाण्ड हे.क्वा., विजयपुर, पोखरा | ०६१-४११६७५, ०६१-४११३११ | |
| ६ | श्री नं.२२ बाहिनी अड्डा, बुटबल, रुपन्देही | ०७१-४१९२१०, ०७१-४१९२०९ | |
| ७ | श्री पश्चिम कमाण्ड हे.क्वा., निमारे, सुर्खेत | ०८३-४१४०४५, ०८३-४१४०२३ | |
| ८ | श्री भवानीदल गण, तेघरी, कैलाली | ०९१-५५०६८०, ०९१-५५०६८१ | |

४. **दरखास्त दस्तुरः** सबै उम्मेदवारहरुले खुलातर्फ अनिवार्य रुपले फाराम भर्नु पर्नेछ र सो वापत दस्तुर रू.१,०००।- (एक हजार) बुझाउनु पर्नेछ । तर सोही विज्ञापनमा समावेशीतर्फ एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि थप २०% का दरले दस्तुर लाग्नेछ ।

(क) श्री भर्ना छनौट निर्देशनालय, जंगी अड्डा (नारायणहिटी उत्तर तर्फको गेट श्री नेपाल क्याभलरीको खेल मैदान) मा आवेदन दिनेको हकमा उल्लेखित दस्तुर श्री नेपाल बैक लिमिटेडको काठमाण्डौ भित्र रहेका कुनै पनि शाखाबाट खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड **३४५०१३५१३** र राजश्व शीर्षक नं.**१४२२४**) मा उम्मेदवार स्वयंले जम्मा गर्नु भई सो को सक्कलै भौचर र सो को प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

(ख) अन्य भर्ना केन्द्रमा आवेदन दिनेको हकमा उल्लेखित दस्तुर सम्वन्धित भर्ना केन्द्रमा नै आवश्यक समन्वय गरी दरखास्त रकम बुझाउनु पर्नेछ ।

५. **आवश्यक योग्यताः**

( क) **शैक्षिक योग्यताः**

| विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| ०७८ / ७९ / ४७ | अधिकृत क्याडेट | (क) प्रमाणपत्र तह वा सो सरह (अधिकृत क्याडेटको लागि)<br>(ख) स्नातक वा सो सरह उत्तीर्ण (स्नातक अधिकृत क्याडेटको लागि)<br>(SLC/SEE परीक्षामा अनिवार्य गणित विषय लिएको हुनुपर्ने) | (क) ग्रेडिङ्ग प्रणालीको हकमा प्राप्ताङ्कको कुल योगफल GPA-2/CGPA-१.६ वा सोभन्दा माथी हुनुपर्ने तर GPA-2/CGPA-१.६ भएतापनि कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(ख) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण अधिकृत क्याडेटहरुलाई त्रि.वि.वि.बाट नेपाली सैनिक प्रतिष्ठानमा संचालन हुने स्नातक तहको अध्ययन गराइने ।<br>(ग) स्नातक तह उत्तीर्ण गरेका क्याडेटहरुको हकमा त्रि.वि.वि.बाट नेपाली सैनिक प्रतिष्ठानमा संचालन हुने स्नातक तहको अध्ययन गर्न नपर्ने हुंदा स्नातक अधिकृत क्याडेटको सैनिक तालिम अवधी १५ (पन्ध्र) महिनाको हुने । |

(ख) **शारीरिक योग्यताः**

| क्र.सं. | विवरण | पूरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| १ | उचाई | न्यूनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ ( दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने । |
| २ | छाती | नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च | - | |
| ३ | वजन | न्यूनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |

(ग) **अन्य योग्यताः** उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजांय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको हुनुपर्नेछ । साथै अन्य योग्यताको हकमा “सैनिक सेवा नियमावली,२०६९” (संशोधन सहित) ले तोके अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हदः**

(क) प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०७८/१०/१७ गतेका दिन १८ वर्ष पुरा भई २१ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ख) स्नातक तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०७८/१०/१७ गतेका दिन १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ग) बहालवाला सैनिक उम्मेदवारहरुको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०७८/१०/१७ गतेका दिन २६ वर्ष ननाघेको हुनुपर्नेछ ।

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागिः**

(क) बहालवाला उम्मेदवारहरुबाट दरखास्त दिनेहरुको हकमा सैन्य आधार तालिम गरेको हुनुपर्नेछ । साथै दरखास्त पेश गर्ने अन्तिम मिति २०७८/१०/१७ गतेका दिन न्यूनतम सेवा अवधी २ (दुई) वर्ष पुरा भएको हुनु पर्नेछ ।

(ख) युनिटपतिको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

८. **दरखास्तसाथ समावेश गर्नुपर्ने आवश्यक कागजातहरुः** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरु मान्यता हुने छैन । दरखास्त दिन आउंदा पेश गरिने सबै कागजातको सक्कल प्रति अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) एस.एल.सी./एस.ई.ई.को लब्धाङ्क पत्र, चारित्रिक प्रमाण पत्र र Original/Provisional प्रमाण पत्र ।

(ग) प्रमाण पत्र तह (१०+२) को ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाण पत्र र Original/Provisional प्रमाण पत्र ।

(घ) स्नातक तह उत्तीर्ण गर्नेको हकमा ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाण पत्र र Original/Provisional प्रमाण पत्र ।

(ङ) नेपालका विश्वविद्यालयहरु वाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि.बाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफूले हासिल गरेको उपाधीको समकक्षताको फोटोकपी र माईग्रेसन (स्थानान्तरण) को प्रमाण-पत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(च) शैक्षिक योग्यता वाहेक आफूले प्राप्त गरेको अन्य प्रमाण-पत्रहरु (अतिरिक्त क्रियाकलाप र विविध विषय सम्बन्धी प्रमाण-पत्रहरु) भएमा ।

(छ) समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

(१) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी-१ (एक) प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमूखको सिफारिसमा प्रमूख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी-१ (एक) प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमूखको सिफारिसमा प्रमूख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(३) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति ।

(४) पिछडिएको क्षेत्रका लागि मनाङ्ग, मुस्ताङ्ग, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गा.पा./नगरपालिकाबाट दरखास्त दिंदाको बखतसम्म सोहि स्थानमा स्थायी बसोवास गरेको सिफारिसको प्रतिलिपि-१ (एक) प्रति । सो सिफारिस पत्र सिफारिस भएको मितिले ३ महिना अवधिको लागि मात्र मान्य हुनेछ ।

(५) समावेशीतर्फ राजपत्रमा सूचिकृत भएका थर तथा समूह प्रष्ट भएमा र सो समूहमा दरखास्त दिन चाहेमा उम्मेदवारले समावेशीतर्फको प्रमाणपत्र पेश गर्न अनिवार्य ठानिने छैन ।

(ज) **कर्तव्य पालनाको सिलसिलामा शारीरिक रुपमा अशक्त भएका र मृत्यु भएका नेपाली सैनिकका सन्ततीहरुको हकमा निम्न थप कागजतहरु सम्बन्धित उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछः**

(१) श्री वेतन वृत्ति तथा समारोह निर्देशनालयबाट प्रकाशित साहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने ।

(२) निबृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(३) बहालवालाको हकमा सैनिक सेवा नियमावली २०६९ को दफा १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(४) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफः** उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति ४ (चार) र २X२ साईजको फोटो प्रति १ (एक) दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१०. **सम्पर्क मितिः** २०७८/१०/२८ गतेको १३०० बजे दरखास्त पेश गरेको सम्वन्धित भर्ना केन्द्र ।

११. **छनौट प्रक्रियाः** उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत वियरिङ्गदेखि लिखित परीक्षासम्म दरखास्त पेश गरेको सम्वन्धित भर्ना केन्द्रमा हुनेछ र बांकी रहेका अन्य परीक्षाहरु भर्ना छनौट निर्देशनालय, जंगी अड्डाले तोकेको स्थानमा संचालन हुनेछ । कुनैपनि परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि संचालन हुने परीक्षामा सहभागी हुन पाउने छैन ।

(क) **वियरिङ्ग परीक्षाः** यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (पूरुष उम्मेदवार), उचाई, वजन (महिला उम्मेदवार) र शारीरिक बनावट परीक्षण गरिने छ । शारीरिक बनावट परीक्षणमा हेरिने बुदांहरु निम्नानुसार रहेकोः

(१) **अंगभंग नभएको**

(अ) सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।

(आ) खुंडे भएमा अस्वभाविक दाग/खत र खुंडेको कारण कुरुप हुन नहुने साथै स्पष्ट बोली हुनु पर्ने ।

(इ) शरीरको अवयवहरु टुटफुट भएको वा भांचिएको हुन नहुने ।

(ई) कुटपिट आदिद्धारा ठुलो चोटपटक लागी शरीरको कुनै भाग वा अंगमा खती पुगेको हुन नहुने ।

(उ) अस्वभाविक किसिमको चोट वा खत भएको हुन नहुने । (स्याण्डो र घुंडा भन्दा माथिसम्म आउने कट्टु लगाउंदा छोपिने बाहेक बांकी भागमा अस्वभाविक दाग देखिने हुन नहुने)

(ऊ) सामान्य मानिसमा हुनु पर्ने अंग भन्दा अस्वभाविक देखिने तथा थप अंग (जस्तैः एक हातमा ६ वटा औंला, कानमा मासु पलाएको तीनकाने, अनुहार तथा शरीरमा अस्वभाविक देखिने ग्रहणको टाटो) भएको हुन नहुने ।

(ए) अंगभंगको कारणबाट अस्वभाविक घाउ वा दाग भएको हुन नहुने ।

(ऐ) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

(२) <u>कुरूप नदेखिने/शरीरमा अस्वभाविक दागहरु नभएको</u>

(अ) अनुहारमा छालाको सतह भन्दा माथी उठेको कोठी भई हिस्सी वा अनुहार नपरी विरुप देखिने तथा अंगभंग भई कुरुप देखिने हुन नहुने ।

(आ) रोग वा चोट पटकको कारण अनुहारमा अस्वभाविक छ्याका भएको हुन नहुने ।

(३) <u>हात खुट्टा बाङ्गो टिङ्गो नभएको र औंलाहरू ठिक भएको</u>

(अ) हात खुट्टा बाङ्गो टिङ्गो देखिने, अपरेशनको कारणबाट हात खुट्टा टेढो भएको हुन नहुने ।

(आ) हात खुट्टाको औंलाहरु अस्वभाविक रुपमा नजोडिने हुन नहुने ।

(४) <u>घुंडा नजोडिने (**Knee Lock**)</u>

(अ) Knock Knee: दुवै खुट्टा जोडेर उभिंदा गोलिगांठो बीच १० से.मी. भन्दा धेरै ग्याप हुन नहुने ।

(आ) Bow Leg: दुवै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मी. भन्दा धेरै ग्याप हुन नहुने ।

(५) <u>शरीरमा मुसा नभएको</u>

(अ) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

(आ) हातखुट्टा, अनुहार तथा शरीरको कुनै पनि भागमा अस्वभाविक मुसा हुन नहुने ।

(६) <u>धेरै चेप्टो पैताला नभएको:</u> Flat Foot: धेरै चेप्टो पैताला हुन नहुने ।

(७) <u>दांत नझरेको</u>

(अ) अस्वभाविक रुपमा उपड खापड, दारा आएको तथा दांत बाहिर निस्केको हुन नहुने ।

(आ) अगाडी भागको दांत नझरेको, अगाडीको दांत किरा नलागेको तथा झरेको ठांउमा नक्कली दांत लगाएको हुन नहुने ।

(इ) एउटा बंगारासम्म झरेको लिन सकिने । साथै अन्य दांत किराले खाएको भए दांत भरेको हुन पर्ने ।

(ई) दांत बांधेको अवस्थामा लिन सकिने ।

(उ) भांचिएको दांत आर.सि.टि गरेको हुनु पर्ने ।

(८) <u>ढाड कुप्रो नभएको, शरीर पुरा झुकाउन सक्ने, जिउ कोल्टे नपरेको</u>

(अ) ढाड कुप्रो नभएको हुनुपर्ने ।

(आ) शरीर पुरा झुकाउन सक्ने हुनुपर्ने ।

(इ) जिउ कोल्टे नपरेको हुनुपर्ने ।

(९) <u>दुवी नभएको</u>

(अ) सर्ने किसिमको दुवी (Vilitigo) हुन नहुने ।

(आ) शरीरमा अस्वभाविक देखिने दुवि हुन नहुने ।

(१०) <u>कपाल नझरेको, नफुलेको वा नरंगाएको</u>

(अ) कुनै किसिमको रोग वा चोटपटकको कारण कपाल झरी अस्वभाविक देखिने हुन नहुने ।

(आ) अस्वभाविक रुपमा कपाल फुलेको हुन नहुने ।

(इ) कपाल रङ्गाएको हुन नहुने ।

(११) <u>आंखा डेढो नभएको, आंखा चिम्लन सक्ने</u>

(अ) डेढो आंखा भएको हुन नहुने ।

(आ) दुवै आंखाको आकार समान भएको हुनुपर्ने ।

(इ) दांया हात चलाउनेको हकमा वांया आंखा र वांया हात चलाउनेको हकमा दांया आंखा चिम्लन सक्ने हुनुपर्ने ।

(ई) कलर भिजन समस्या हुन नहुने ।

(उ) कन्टयाक लेन्स प्रयोग गरेको हुन नहुने ।

(ऊ) आंखाको भिजन ६/६ हुनुपर्ने ।

(ए) चस्माको प्रयोग गर्नेको हकमा चस्माको पावर ±२.० हुनुपर्ने ।

(ऐ) Refractive Surgery (चस्मा लगाउन नपर्ने अपरेशन) गरेको भए आवेदन दरखास्त दिंदाको बखत सम्म अपरेशन गरेको कम्तीमा १ वर्ष भएको हुनुपर्ने साथै सो संग सम्बन्धित कागजपत्र समेत पेश गर्नु पर्ने ।

(१२) **प्रष्ट बोली भएको हुनुपर्ने, भकभके र लठ्यौरो हुन नहुनेः** कुनैपनि लेख पढ्दा वा लामो समयसम्म कुरा गर्दा नभकभकाउने तथा स्पष्ट उच्चारण/बोली भएको हुनुपर्ने । साथै कासन (कमाण्ड) बोलि उच्चारण गर्दा रोकिएर/अड्कीएर उच्चारण गर्ने हुन नहुने ।

(१३) **उचाई अनुसार हुनु पर्ने तौल भन्दा बढी वा घटी तौल नभएको (BMI फिट हुनुपर्ने) र शरीर मोटो तर हात खुट्टा झिनो नदेखिने**

(अ) अस्वभाविक रुपमा बढी तौल भएको (Obesity) हुन नहुने ।

(आ) अस्वभाविक रुपमा कम तौल भएको हुन नहुने ।

(इ) शरीर मोटो तथा हात झिनो नदेखिने हुनुपर्ने ।

(ई) BMI (१६ देखि २७ सम्म) हुनुपर्ने ।

(१४) **शरीरमा ट्याट्टु मार्क नबनाएको/भेरीकोच हुन नहुने**

(अ) शरीरको कुनै पनि भागमा ट्याट्टु मार्क हुन नहुने ।

(आ) भेरीकोच भएको हुन नहुने ।

(ख) **बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षणः** मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षणका साथै BMI समेत परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **<u>शारीरिक परीक्षाः</u>**

| पुरुष | महिला |
|---|---|
| (१) सिटअप— १५ पटक<br>(२) पूसअप— १० पटक<br>(३) चिनअप— ३ पटक<br>(४) ३०० मिटर दौड— ५५ सेकेण्डमा पुरा गर्नुपर्नेछ ।<br>(५) २ माईल दौड— १६ मिनेटमा पुरा गर्नुपर्नेछ । | (१) सिटअप— ८ पटक<br>(२) पूसअप— ५ पटक<br>(३) ३०० मिटर दौड— ६५ सेकेण्डमा पुरा गर्नुपर्नेछ ।<br>(४) २ माईल दौड— २१ मिनेटमा पुरा गर्नुपर्नेछ । |

(घ) **<u>आई.क्यू. परीक्षाः</u>** आई.क्यू. परीक्षा (बहुवैकल्पिक प्रश्नहरु) समय ३० मिनेटको हुनेछ ।

(ङ) **<u>लिखित परीक्षाः</u>**

(१) अंग्रेजी- प्रमाणपत्र तह वा सो सरह (समय २ घण्टा ३० मिनेट) ।

(२) नेपाली- प्रमाणपत्र तह वा सो सरह (समय २ घण्टा ३० मिनेट) ।

(३) गणित- एस.एल.सी./एस.ई.ई. स्तर (समय २ घण्टा ३० मिनेट) ।

(४) सामान्य ज्ञान- बहुबैकल्पिक प्रश्नहरु (समय १ घण्टा १५ मिनेट) ।

***<u>द्रष्टव्यः</u>*** उल्लेखित लिखित परीक्षाहरु श्री लोक सेवा आयोगबाट सञ्चालन गरिनेछ । साथै, बस्तुगत बहु उत्तर प्रश्नको गलत उत्तरको २० प्रतिशत अंक कट्टा हुनेछ ।

(च) **<u>गुणमापक (TO, GTO, IO) परीक्षा</u>**: विशेषज्ञ अधिकृतहरुबाट संचालन गरिनेछ ।

(छ) **<u>विस्तृत स्वास्थ्य परीक्षणः</u>** मान्यता प्राप्त चिकित्सकहरुबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । नेपाली सेनामा स्वास्थ्य उपचार सुविधा पाइरहेका उम्मेदवारहरु बाहेक अन्य उम्मेदवारहरुको विस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(ज) **<u>अन्तर्वार्ताः</u>** पदपूर्ति समितिका पदाधिकारीहरुबाट अन्तर्वार्ता हुनेछ ।

१२. **<u>तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु</u>**:- नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. **<u>अन्य शर्तहरु:</u>**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको घटना/दुर्घटना भएमा सोको जिम्मेवार स्वयम् उम्मेदवार हुनेछ ।

(ग) छनौट परीक्षाको क्रममा उम्मेदवारहरु आ–आफ्नै व्यवस्थाबाट तोकिएको परीक्षा स्थलमा पुग्नु पर्नेछ ।

(घ) उम्मेदवारहरु (बहालवाला बाहेक) महिला पुरुष दुवै अविवाहित हुनुपर्नेछ र तालीम अवधीभर बिवाह गर्न पाईने छैन ।

(ङ) समावेशीतर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरुको हकमा आदिवासी/जनजाती, मधेशी तथा दलित मध्ये कुनै एक समूहमा मात्र दरखास्त दिई प्रतिष्पर्धा गर्न सक्नेछ । तर महिलाको हकमा यो व्यवस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदरवारहरुले पिछडिएको क्षेत्रमा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(च) अधिकृत आधार तालिम सफलता पूर्वक सम्पन्न गरे पश्चात सहायक सेनानी दर्जामा नियूक्ति हुने छन् ।

(छ) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्र भागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Support/Combat Service (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुर्याफउनेकार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(ज) उम्मेदवारहरुले पेश गरेको सम्पूर्ण विवरणहरुको सक्कल प्रति अन्तर्वार्ताको समयमा पेश गर्नू पर्नेछ । उम्मेदवारहरुले पेश गरेको विवरणहरु झुठा ठहरिएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१४. **<u>Online दरखास्त फाराम भर्ने सम्वन्धमा जानकारी:</u>**

(क) नेपाली सेनाको आधिकारिक वेब साईट **www.nepalarmy.mil.np** मा गएर **JOIN THE ARMY भित्र Recruitment & Selection** मा गई **"Apply Online" मा Click** गर्ने ।

(ख) **Online** दरखास्त फाराम भर्न निम्न अनूसारको विवरण आवश्यक पर्ने ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण ( ३) शैक्षिक विवरण ( ४) पारिवारिक विवरण

(ग) Online दरखास्त फाराम भर्दा शुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्युनतम योग्यता हासिल गरेको अवस्थामा मात्र त्यस पछि भर्नूपर्ने फारामहरुमा प्रवेश पाउनेछन् । सो पश्चात उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण र शैक्षिक विवरण नेपाली युनिकोड कालीमाटी फण्टमा भरि सो को एकिन गर्ने । उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेश पत्र, राजश्व दस्तुरको भौचर **PDF Format** मा डाउनलोड गरि **Save** गर्ने र प्रिन्ट गर्ने ।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो, हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना केन्द्रमा तोकिएको मिति भित्र पेश गर्नु पर्नेछ । कुनै पनि उम्मेदवारले **Online** माध्यमबाट पहिलो ३० दिनको अवधि भित्र दरखास्त फाराम **Submit** गरी सोही अवधिमा स्वयं उपस्थित भई सो को प्रिन्ट सहितको फाराम बुझाउनु पर्नेछ अन्यथा म्याद थप गरिएको अवधिमा फाराम बुझाएमा दोव्बर दस्तुर लाग्नेछ । यदि कुनै उम्मेदवारले **Online** बाट मात्र निवेदन फाराम **Submit** गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो **Online** बाट मात्र **Submit** गरेको फारामलाई मात्र मान्यता दिईने छैन ।

(ङ) **Online** दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently asked Question"** मा गएर पनि आफ्नो कठिनाई सम्वन्धी जानकारी पाउन सकिन्छ ।

***द्रष्टव्यः***

(१) "सैनिक सेवा नियमावली-२०६९" (संशोधन सहित) को आधारमा पदपूर्ति गरिनेछ ।

(२) यो विज्ञापन तथा छनौट

परीक्षा सम्बन्धी सवै सूचना नेपाली सेनाको आधिकारिक वेब साईट **www.nepalarmy.mil.np** तथा नेपाली सेनाको एप्लिकेशन **"Nepali Army"** मा हेर्न सकिनेछ ।

(३) थप केहि जानकारी लिनु परेको खण्डमा आफूलाई पायक पर्ने भर्ना केन्द्र तथा भर्ना छनौट निर्देशनालयको सम्पर्क नं. ०१४२४६९५० र मोबाईल नं. ९८६३०३१५६१ (कार्यालय समय भित्र) सम्पर्क गर्न समेत सूचित गरिन्छ ।